म्यागङ गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ८ संख्याः ३ मितिः साउन ३१, २०८१

भाग-२

म्यागङ गाउँपालिका

## खेलकुद विकास कार्यक्रम तथा योजना मार्फत पालिकास्तरीय कराते प्रशिक्षक छनौट तथा नियुक्ती कार्यविधि, २०८१

कार्यपालिकाबाट पारित मितिः साउन ३०, २०८१

**स्थानीय राजपत्रमा प्रकाशित मितिः** साउन ३१, २०८१

# खेलकुद विकास कार्यक्रम तथा योजना मार्फत पालिका स्तरीय करौंते प्रशिक्षक छनौट तथा नियुक्ति कार्यविधि-२०८१

१. प्रस्तावना :

म्यागङ गाउँपालिकाले गाउँपालिका भित्रका युवा तथा बालबालिकालाई खेल भावनाको विकास,अनुशासन तथा खेल क्षेत्रमा ब्यबसायिकता विकास गर्न र म्यागङ गाउपालिकाको गाउँसभाबाट आ.ब २०८१/८२ को लागि स्वीकृत वजेट तथा बार्षिक कार्यक्रममा ब्यबस्था भएको खेलकुद बिकास कार्यक्रम तथा योजना शिर्षक कार्यान्वयनको लागि र म्यागङ पालिका स्तरीय करौंते प्रशिक्षक छनौट तथा नियुक्तिका लागि म्यागङ गाउँपालिकाको प्रशासकीय कार्यबिधि नियमित गर्ने ऐन २०७५ को दफा -४ बमोजिम म्यागङ गाउँपालिकाले यो कार्यबिधि स्वीकृत गरेको छ।

२.संक्षिप्त नाम र प्रारम्भ :

क.यस कार्यबिधिको नाम खेलकुद विकास कार्यक्रम तथा योजना मार्फत पालिका स्तरीय कराते प्रशिक्षक छनौट तथा नियुक्ती कार्यबिधि, २०८१ रहने छ ।

ख.यो कार्यबिधि २०८१ साउन महिना देखि कार्यपालिकाबाट स्वीकृत भए पश्चात लागू हुनेछ।

३.परिभाषा र ब्याख्या:

क.गाउँपालिका भन्नाले म्यागङ गाउँपालिकालाई जनाउँछ ।

ख.सभा भन्नाले म्यागङ गाउँपालिकाको गाउँसभालाई जनाउँछ ।

ग.छनोट तथा सिफारिस समिति भन्नाले पालिका स्तरीय करौंते प्रशिक्षक छनौट तथा सिफारिस समितिलाई जनाउछ ।

घ.स्वीकृत वजेट तथा कार्यक्रम भन्नाले गाउँसभाबाट स्वीकृत बजेट तथा कार्यक्रमलाई जनाउछ।

ङ. खेलकुद बिकास कार्यक्रम तथा योजना कार्यक्रम भन्नाले सभाबाट बिनियोजित बजेट अन्तर्गत रहि कार्यपालिकाले स्वीकृत गरेको कार्यक्रमलाई जनाउछ ।

च.सम्बन्धित शाखा भन्नाले शिक्षा,युवा तथा खेलकुद शाखालाई जनाउछ ।

**४.पालिका स्तरिय करााँते प्रशिक्षक छनौट समिति गठन :**

क.पालिका स्तरीय करााँते प्रशिक्षक छनौट तथा सिफारिस समिति तपशिल बमोजिम रहने छ ।

| | |
|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | संयोजक |
| प्रमुख प्रशासकिय अधिकृतले तोकेको १ जना अधिकृत कर्मचारी | सदस्य |
| शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख वा प्रतिनिधि | सदस्य सचिव |

**५.पालिका स्तरीय करााँते प्रशिक्षक छनौट तथा सिफारिस समितिको काम कर्तब्य र अधिकार :**

क. छनौट तथा सिफारिस समितिले आफ्नो कार्यबिधि ,पाठ्यक्रम,परीक्षा प्रणाली आफै तय गर्ने छ ।

ख. समितिको बैठक संयोजकको निर्देशन अनुरुप आवश्यकता अनुसार बस्ने छ र यस्तो बैठक बसे वापतको बैठक भत्ता गाउँपालिकाले उपलब्ध गराउने छ ।

ग.समितिले आवश्यकता अनुसार बढीमा २ जना सम्म बिषयसँग सम्बन्धित बिज्ञ आमन्त्रित सदस्यका रुपम बोलाउन सक्ने छ ।

घ.बिबिध खेलका पालिका स्तरीय प्रशिक्षक छनोट गरी नियुक्तिका लागि सिफारिस गर्ने र यस सँग सम्बन्धित सम्पूर्ण कार्य गर्ने ।

ङ. यस छनौट तथा सिफारिस समितिको सचिवालयको रुपमा शिक्षा तथा खेलकुद शाखा रहने छ ।

च.यस समितिले बिज्ञापन प्रकाशन,आवेदन बुझ्ने तथा परीक्षा सञ्चालन लगायतका सम्पूर्ण कार्य सचिवालयम मार्फत गर्ने छ ।

छ.सिफारिस भएको प्रशिक्षकसँग शिक्षा तथा खेलकुद शाखाले तयार गरेको सम्झौता पत्र अनुसार प्रमुख प्रशासकीय अधिकृतले सम्झौता  गर्ने छ ।

**६.करााँते प्रशिक्षकको न्यूनतम योग्यता र संख्या  :**

क.पालिका भरमा जम्मा १जना मात्र घुम्ती  करााँते प्रशिक्षक राख्न सकिने छ ।

क.उमेर  कम्तीमा १८ बर्ष पुराभएको र बढीमा ४० बर्ष ननाघेको,

ख.नेपाली नागरिकता भएको नेपाली नागरीक हुनुपर्ने

ग. शैक्षिक योग्यता कम्तिमा एस.ई.ई वा सो सरह उर्तीण भएको हुनुपर्ने,

घ.कम्तिमा पनि २ डन लिएको हुनुपर्ने,

च.कम्तिमा पनि १ वटा अन्तराष्ट्रिय प्रतियोगितामा सहभागी भएको हुनुपर्ने ,

ज.अन्य योग्यता सिफारिस समितिले तोके अनुसार।

**७.पालिका स्तरीय कराँते प्रशिक्षकको सेवा सुबिधा :**

क.कार्यापालिकाले तोके बमोजिमको पारिश्रमिक प्रदान गरिनेछ।

**८.पालिका स्तरीय कराँते प्रशिक्षकको काम कर्तब्य र अधिकार**

क.पालिकाले तोकेको स्थान र समयाबधी सम्म कराँते प्रशिक्षण गराउने

ख. कराँतेसँग सम्बन्धित राष्ट्रिय तथा अन्तराष्ट्रिय नियमहरुको पालना तथा परिपालना गर्ने /गराउने

ग. कराँते प्रशिक्षण सम्बन्धमा मासिक प्रगती प्रतिवेदन खेलकुद शाखाम पेश गर्ने

घ.पालिकासँग भएको सम्झौता उल्लेखित शर्तहरुको पालना गर्ने

**९.पालिका स्तरीय कराते प्रशिक्षकको कार्य क्षेत्र र अन्य**

क. म्यागङ गाउँकार्यपालिकाले तोके अनुसारका क्षेत्रमा कार्य सम्पादन गर्नु पर्नेछ ।

ख.प्रचलित कानुन बिपरित कार्य गरेमा,आचरण खराब देखिएमा,कुनै पनि कसुरमा संलग्न पाईएमा,गाउँपालिकालाई आर्थिक संकट भएमा जुनसुकै समयमा सम्झौता रद्द गर्न सकिने छ ।

आज्ञाले,
कुमारलाल श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

म्याङ गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
हेउराली, नुवाकोट
बागमती प्रदेश

प्रमुख प्रशासकीय अधिकृत